जि.प्रशा.का, बारा दर्ता नं. :- ८७/२०७८/०७९

जिल्ला हुलाक, बारा दर्ता नं. :- १७/२०७८/०७९

"समाचारले टुट्छ ठूला-ठूलाको दंभ, त्यसकारण बजारमा आएको छ शुभआरम्भ"

# शुभ आरम्भ

Shubharambh National Daily राष्ट्रिय दैनिक

वर्ष ५ | अंक २८४ | २०८३ साल जेठ १७ गते आईतवार | Sunday-31-May-2026 | पृष्ठ संख्या-४ | मूल्य रू.५/-

## प्रधानमन्त्री कप छनोटका लागि रौतहटको महिला क्रिकेट टोली सप्तरी प्रस्थान भव्य बिदाइ

*शुभ आरम्भ संवाददाता*
*रौतहट, १६ जेठ*



प्रधानमन्त्री कप महिला राष्ट्रिय क्रिकेट प्रतियोगिताको प्रदेश स्तरीय छनोटमा सहभागी हुन रौतहटको महिला क्रिकेट टोली शनिबार सप्तरीको राजविराज प्रस्थान गरेको छ । रौतहट क्रिकेट संघले आयोजना गरेको एक विशेष कार्यक्रमका बीच टोलीलाई भव्य बिदाइ गरिएको हो ।

नेपाली कांग्रेसका गौर नगर सभापति एवं समाजसेवी मोहन यादवले खेलाडीहरूलाई टिका र खादा लगाएर जितको अग्रिम शुभकामना दिँदै बिदाइ गरे । कार्यक्रममा बोल्दै प्रमुख अतिथि यादवले रौतहट जिल्लाले महिला क्रिकेटमा ऐतिहासिक र महत्वपूर्ण योगदान पुर्याउँदै आएको चर्चा गरे । रौतहटका छोरीहरूले क्रिकेटको मैदानमा देखाएको साहस र प्रतिभाले जिल्लाको मात्र नभई राष्ट्रकै गौरव बढाएको छ, यादवले भन्ने , तपाईंहरूको मेहनतले यसपटक पनि राजविराजको मैदानमा उत्कृष्ट नतिजा निकाल्नेमा म विश्वस्त छु । खेलले अनुशासन र पहिचान दुवै दिन्छ ।

रौतहट क्रिकेट संघका पदाधिकारीहरूले जिल्लामा क्रिकेटको जग बलियो बनाउन संघ अहोरात्र खटिएको बताए । संघका अनुसार खेलाडीहरूको क्षमता अभिवृद्धिका लागि नियमित प्रशिक्षण र प्रतियोगिताहरू आयोजना गरिँदै आएको छ । हाम्रो टोली सन्तुलित र उत्साहले भरिएको छ, खेलाडीहरूको समर्पणले मैदानमा सकारात्मक परिणाम ल्याउनेछ, संघका एक प्रतिनिधिले उल्लेख गरे ।

राजविराज प्रस्थान गर्नु अघि खेलाडीहरू निकै उत्साहित देखिएका थिए । टोलीका सदस्यहरूले यसपटकको छनोट प्रतियोगितामा आफ्नो उत्कृष्ट प्रदर्शन दिँदै रौतहटलाई मधेस प्रदेशको प्रतिनिधित्व गराउने गरी नतिजा ल्याउने प्रतिबद्धता जनाएका छन् ।

रौतहट महिला क्रिकेट टोलीले विगत केही वर्षदेखि राष्ट्रिय स्तरका प्रतियोगिताहरूमा प्रभावशाली उपस्थिति जनाउँदै आएको छ । मधेश प्रदेशको क्रिकेट हबका रूपमा चिनिन थालेको रौतहटबाट उत्पादित धेरै खेलाडीहरू अहिले राष्ट्रिय टोलीको बन्द प्रशिक्षण र विभिन्न तहका प्रतियोगिताहरूमा सक्रिय छन् ।

यसपटकको प्रधानमन्त्री कप प्रदेश स्तरीय छनोटमा पनि रौतहटलाई बलियो दावेदारको रूपमा हेरिएको छ । टोलीलाई बिदाइ गर्न खेलप्रेमी, नागरिक समाजका प्रतिनिधि र सञ्चारकर्मीहरूको ठूलो उपस्थिति रहेको थियो ।

## वीरगंजमा खैरो हेरोइनसहित एक युवक पक्राउ

*हरि किशोर शर्मा*
*वीरगंज, १६ जेठ*

पर्सा प्रहरीले सञ्चालन गरिरहेको लागुऔषध सेवनकर्ता खोजी तथा सुधार महाअभियान अन्तर्गत वीरगञ्जबाट खैरो हेरोइनसहित एक युवकलाई पक्राउ गरेको छ। शंकास्पद गतिविधिमा संलग्न रहेको आशंकामा नियन्त्रणमा लिइएका युवकको साथबाट खैरो हेरोइनजस्तो देखिने पदार्थ बरामद भएको प्रहरीले जनाएको छ।

जिल्ला प्रहरी कार्यालय पर्साका अनुसार शुक्रबार दिउँसो करिब १:१० बजे वीरगञ्ज महानगरपालिका-१५ स्थित भिस्वा चोक क्षेत्रमा प्रहरी चौकी भिस्वाबाट खटिएको प्रहरी टोलीले नियमित गस्ती तथा निगरानी गरिरहेको अवस्थामा एक युवकलाई शंकास्पद अवस्थामा फेला पारेको थियो । प्रहरी टोलीलाई देख्नेबित्तिकै ती युवक भाग्न खोजेपछि प्रहरीले उनलाई नियन्त्रणमा लिएर कानुनबमोजिम खानतलासी गरेको थियो । तलासीका क्रममा युवकले लगाएको पाइन्टको खल्तीभित्र प्लास्टिकमा बेरेर लुकाइराखिएको खैरो हेरोइनजस्तो देखिने पदार्थ फेला परेको प्रहरीले जनाएको छ । पक्राउ पर्ने व्यक्ति वीरगञ्ज महानगरपालिका-१५ भिस्वा निवासी २१ वर्षीय ऋतिक साह रहेको खुलाइएको छ। प्रहरीका अनुसार साहको साथबाट प्लास्टिकसहित ०.६१ मिलिग्राम खैरो हेरोइनजस्तो देखिने पदार्थ बरामद गरिएको छ। बरामद पदार्थलाई परीक्षण तथा थप अनुसन्धानका लागि सुरक्षित रूपमा राखिएको छ ।




पक्राउ परेका साहविरुद्ध लागुऔषध नियन्त्रण ऐन अन्तर्गत मुद्दा दर्ता गरी थप अनुसन्धान प्रक्रिया अगाडि बढाइएको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ।

पछिल्लो समय पर्सा प्रहरीले जिल्लाभर लागुऔषध नियन्त्रणका लागि विशेष अभियान सञ्चालन गर्दै आएको छ। युवापुस्तामा बढ्दो लागुऔषध दुर्व्यसन नियन्त्रण गर्ने, ओसारपसार तथा बिक्रीवितरणमा संलग्न व्यक्तिहरूमाथि निगरानी बढाउने उद्देश्यसहित अभियानलाई तीव्र बनाइएको प्रहरीको भनाइ छ।

जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता तथा सूचना अधिकारी प्रहरी नायब उपरीक्षक हरि बहादुर बस्नेतले लागुऔषधविरुद्धको अभियान निरन्तर जारी रहने बताउँदै यस्ता अवैध गतिविधिबारे जानकारी भए तत्काल प्रहरीलाई सूचना दिन सर्वसाधारणसँग आग्रह गरेका छन्। प्रहरीले समुदायको सहयोगबाट लागुऔषध नियन्त्रण अभियानलाई अझ प्रभावकारी बनाउने विश्वास व्यक्त गरेको छ।

## एमालेको 'मिसन पार्टी जागरण' बारामा सुरू, पालिकागत जिम्मेवारीसहित शीर्ष नेता मैदानमा

*बारा, १६ जेठ*

नेकपा एमालेले संगठन विस्तार, जनसम्पर्क सुदृढीकरण र पार्टी गतिविधिलाई वडा तहसम्म सक्रिय बनाउने उद्देश्यसहित सञ्चालन गर्न लागेको 'मिसन पार्टी जागरण अभियान' अन्तर्गत बाराका १६ वटै स्थानीय तहमा नेताहरूको कार्यविभाजन गरेको छ ।

| | | |
|---|---|---|
| बारा (१६ पालिका १७३ वडा) | कोल्हवी नगरपालिका | अच्युत मैनाली |
| | बारागढी गाउँपालिका | अच्युत मैनाली |
| | आदर्श कोतवाल गाउँपालिका | पुरुषोतम पौडेल |
| | कलैया उपमहानगरपालिका | ज्वालाकुमारी साह |
| | फेटा गाउँपालिका | ज्वालाकुमारी साह |
| | सुवर्ण गाउँपालिका | मोहमद समिर |
| | महागढीमाई नगरपालिका | मोहमद समिर |
| | निजगढ नगरपालिका | सिता सुवेदी |
| | जीतपुरसिमरा उपमहानगरपालिका | किसान श्रेष्ठ |
| | विश्रामपुर गाउँपालिका | किसान श्रेष्ठ |
| | परवानीपुर गाउँपालिका | एकवाल मियाँ |
| | देवताल गाउँपालिका | एकवाल मियाँ |
| | सिम्रौनगढ नगरपालिका | मोविल आलाम |
| | चरौता नगरपालिका | बलवीर चौधरी |
| | करैयामाई गाउँपालिका | सरस्वती चौधरी |
| | प्रसौनी गाउँपालिका | मञ्जु थापा |

अभियानलाई प्रभावकारी र परिणाममुखी बनाउन पार्टीले केन्द्रीय, प्रदेश तथा जिल्लास्तरका अनुभवी नेताहरूलाई पालिकागत जिम्मेवारी प्रदान गरेको हो । एमालेले यस अभियानलाई आगामी राजनीतिक तयारी, संगठन सुदृढीकरण र जनतासँगको सम्बन्ध विस्तारको महत्वपूर्ण अभियानका रूपमा अघि बढाएको जनाएको छ ।

कार्यविभाजनअनुसार मधेश प्रदेश सरकारका भौतिक पूर्वाधार विकास मन्त्री महमद समीर लाई सुवर्ण गाउँपालिका र महागढीमाई नगरपालिकाको जिम्मेवारी दिइएको छ । त्यस्तै पूर्वमन्त्री ज्वालाकुमारी साह लाई कलैया उपमहानगरपालिका र फेटा गाउँपालिकामा परिचालन गरिएको छ भने पूर्वसांसद किसान श्रेष्ठ लाई जीतपुरसिमरा उपमहानगरपालिका र विश्रामपुर गाउँपालिकाको जिम्मेवारी तोकिएको छ। पूर्व प्रतिनिधिसभा सदस्य अच्युत मैनाली लाई कोल्हवी नगरपालिका तथा बारागढी गाउँपालिकामा खटाइएको छ भने पुरुषोत्तम पौडेल ले आदर्श कोतवाल गाउँपालिकाको नेतृत्वदायी जिम्मेवारी सम्हाल्ने भएका छन् ।

यस्तै, नेता एकबाल मियाँ लाई परवानीपुर र देवताल गाउँपालिकामा जिम्मेवारी दिइएको छ । सिम्रौनगढ नगरपालिकामा केन्द्रीय सदस्य मोबिल आलम, पचरौता नगरपालिकामा केन्द्रीय सदस्य बलवीर चौधरी, निजगढ नगरपालिकामा केन्द्रीय सदस्य सिता सुवेदी, प्रसौनी गाउँपालिकामा मधेश प्रदेशसभा सदस्य तथा पूर्व केन्द्रीय सदस्य मञ्जु थापामगर र करैयामाई गाउँपालिकामा पूर्व केन्द्रीय सदस्य सरस्वती चौधरी लाई खटाइएको छ।

एमालेका अनुसार अभियानको मुख्य उद्देश्य पार्टी संगठनलाई अझ व्यवस्थित, सशक्त र जनमुखी बनाउनु हो। पार्टीले स्थानीय तहका कार्यकर्ता, शुभेच्छुक तथा आम नागरिकसँग प्रत्यक्ष संवाद गर्दै जनचासोका विषय संकलन गर्ने, संगठनात्मक गतिविधिलाई चलायमान बनाउने तथा पार्टीको नीति र कार्यक्रम जनस्तरसम्म पुर्याउने योजना बनाएको छ।

राजनीतिक रूपमा महत्वपूर्ण मानिएको बारा जिल्लामा एमालेले अनुभवी नेताहरूलाई प्रत्यक्ष रूपमा पालिकामा खटाएर संगठनलाई नयाँ ऊर्जा दिने रणनीति अपनाएको देखिएको छ । पार्टीभित्र यस अभियानलाई आगामी राजनीतिक यात्राको आधार निर्माण गर्ने अभियानका रूपमा समेत हेरिएको छ । 'मिसन पार्टी जागरण अभियान' मार्फत एमालेले गाउँदेखि नगर र वडा तहसम्म संगठनात्मक संरचनालाई थप सक्रिय बनाउने तथा जनतामाझ आफ्नो उपस्थितिलाई अझ बलियो बनाउने अपेक्षा गरेको छ ।

## रास्वपा जिराभवानी वडा नं. १, २, ३, ४, ५ को प्रथम वडा अधिवेशन सम्पन्न

*हरिकिशोर शर्मा*
*वीरगंज, १६ जेठ*

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) जिराभवानी गाउँपालिका वडा नं. १ को प्रथम वडा अधिवेशन आज सम्पन्न भएको छ। जिल्ला कार्यसमिति पर्साले जारी गरेको सूचना अनुसार जिराभवानी गाउँपालिकाका सबै वडामा वडा अधिवेशन सञ्चालन गर्ने कार्यक्रम अन्तर्गत वडा नं. १ मा अधिवेशन सम्पन्न गरिएको हो ।

गत २०८३ साल जेठ २ गते गठन गरिएको तदर्थ वडा कार्यसमितिलाई आधार मानी सम्पन्न अधिवेशनले श्री चन्दन यादव को नेतृत्वमा रहेको वडा कार्यसमितिमा नयाँ कार्यसमितिलाई अनुमोदन गरेको जनाएको छ । अधिवेशनले चन्दन यादव संयोजकत्वमा पाँच सदस्यीय सल्लाहकार समिति समेत चयन गरेको छ ।

अधिवेशन जिल्ला प्रतिनिधि चन्द न यादव जिल्ला सदस्य तथा रास्वपा जिराभवानी सभापति रामाकान्त चौधरी अध्यक्षतामा सम्पन्न भएको थियो। कार्यक्रममा रामाकान्त चौधरी लगायत रास्वपा जिराब्वानी उपसभापति सन्जय राय थारु, सचिव लावहर राम तथा सुमित बरालकोउपस्थिति रहेको थियो ।




साथै, रास्वपा जिराभवानी वडा नं १. २, ३, ४ र ५ का वडा अधिवेशनहरू पनि आजै क्रमशः सम्पन्न गर्ने कार्यक्रम रहेको जनाएको छ । वडा अधिवेशनमार्फत स्थानीय संगठनलाई सुदृढ बनाउँदै पार्टीको संगठन विस्तार अभियानलाई थप प्रभावकारी बनाउने लक्ष्य लिइएको पार्टीले जनाएको छ।

वडा कार्यसमिति:-

१. सभापति:- राजहरन चौधरी
२. उपसभापति:- सुरेश साह
३. सचिव:- श्री हरिकिशोर शर्मा
४. सदस्य:- चिरञ्जीवी खवास थारु
५. सदस्य:- तेजामुल आलम
६. सदस्य:- जटाशाकर साह
७. सदस्य:- श्री अमीत सिह
८. सदस्य:- प्रतिमा कुमारी बिन
९. सदस्य:- श्रीमति राधिका देबि कुर्मी
१०. सदस्य:- राज कुमार साह
११. सदस्य:- श्री उमा मुखिया बिन

सल्लाहाकार समिति:-

१. संयोजक:- श्री नन्दकिशोर प्रसाद दास थारु
२. सदस्य:- रामेशवर प्रसाद महतो
३. सदस्य:- श्री शिवजि साह
४. सदस्य:- किशोरी मुखिया
५. सदस्य:- श्री छोटेलाल राम

मो.सा चलाउँदा हेल्मेटको अनिवार्य प्रयोग गरौं ।

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ । - देवताल गाउँपालिका

## शुभ आरम्भ राष्ट्रिय दैनिकका लागी

| | |
|---|---|
| प्रकाशक | : अनिल पाण्डेय |
| प्रधान सम्पादक | : दिपेन्द्र कुमार उपाध्याय |
| सम्पादक | : श्याम विहारी साह केशरी |
| कार्यकारी सम्पादक | : उमेश दुवे |
| समाचार सम्पादक | : आ.के. ठाकुर |
| कानुनी सल्लाहकार | : प्रभातचन्द्र दाहाल |
| कम्प्यूटर अपरेटर | : कृष्णा गुप्ता |
| सम्पर्क नम्बर | : ९८४५२२६३०५ |
| सम्पर्क कार्यालय | : कलैया-१४, बघवन (बारा) |
| मुद्रक | : बारा प्रिन्टिङ्ग प्रेस, कलैया (बारा) |

shubharambhdaily@gmail.com


## सम्पादकीय..........

# वाचा र जिम्मेवारीबीच सांसदज्यूको परीक्षा

निर्वाचनका बेला जनप्रतिनिधिहरुले जनताको मन जित्न विभिन्न प्रकारका प्रतिबद्धता र आश्वासनहरु दिने गर्छन् । यस्ता प्रतिबद्धतामध्ये केही ब्यवहारिक हुन्छन् भने केही अत्यन्त महत्वाकांक्षी पनि हुन्छन् । बारा जिल्ला निर्वाचन क्षेत्र नं. ३ का वर्तमान सांसदले चुनावी अभियानका क्रममा गरेको "एक घर, एक रोजगार" को वाचा अहिले पुनः चर्चाको विषय बनेको छ । सामाजिक सञ्जालमा उनको पुरानो भिडियो भाइरल भएसँगै मतदाताहरुले त्यो प्रतिबद्धताको स्मरण गराउन थालेका छन् ।

राष्ट्रिय जनगणना २०७८ अनुसार निर्वाचन क्षेत्र नं. ३ अन्तर्गत कलैया उपमहानगरपालिकाका २६ वटा वडा (वडा नं. १७ बाहेक), जितपुर-सिमरा उपमहानगरपालिकाका वडा नं. ११ देखि १८ सम्म र फेटा गाउँपालिकाका ३ वटा वडा गरी कुल ३७ वडामा ३०,९३७ घरपरिवार रहेका छन् । यदि सांसदले गरेको "एक घर, एक रोजगार" को प्रतिबद्धतालाई शाब्दिक रुपमा लिने हो भने पाँच वर्षको कार्यकालमा कम्तीमा ३०,९३७ जनालाई रोजगार उपलब्ध गराउनुपर्ने हुन्छ । यसको अर्थ वार्षिक रुपमा करिब ६,१८७ जनाले रोजगार पाउनुपर्ने देखिन्छ ।

प्रश्न उठ्छ–के यो सम्भव छ?

वास्तविकतामा रोजगार सिर्जना गर्ने कार्य कुनै एक सांसदको एकल प्रयासबाट मात्र सम्भव हुँदैन । यसका लागि संघीय सरकार, प्रदेश सरकार, स्थानीय तह, निजी क्षेत्र, उद्योग-ब्यवसाय तथा लगानी वातावरणको समेत महत्वपूर्ण भूमिका हुन्छ । सांसदले नीति निर्माण, बजेट ब्यवस्थापन, विकास परियोजना भित्र्याउने तथा रोजगारमुखी कार्यक्रमलाई प्राथमिकता दिने काम गर्न सक्छन्, तर प्रत्यक्ष रुपमा प्रत्येक घरमा रोजगार पुर्‍याउने जिम्मेवारी उनको मात्र होइन । तर यसको अर्थ चुनावी वाचाको कुनै मूल्य छैन भन्ने पनि होइन । जनप्रतिनिधिले सार्वजनिक रुपमा ब्यक्त गरेका प्रतिबद्धताप्रति उत्तरदायी हुनुपर्छ । यदि वाचा पूरा हुन सकेन भने त्यसका कारण र सीमाबारे जनतालाई स्पष्ट जानकारी दिनुपर्छ । लोकतन्त्रमा जनताले प्रश्न सोध्ने अधिकार राख्छन् र निर्वाचित प्रतिनिधिले जवाफ दिने दायित्व ।

आज आवश्यकता आरोप-प्रत्यारोपभन्दा बढी तथ्य र मूल्याङ्कनको हो । सांसद निर्वाचित भएपछि क्षेत्रभित्र कति रोजगार सिर्जना भए? कति युवाले स्वरोजगारका अवसर पाए? कति उद्योग, ब्यवसाय वा सीपमूलक कार्यक्रम सञ्चालन भए? यस्ता प्रश्नहरुको उत्तर तथ्याङ्कका आधारमा खोजिनुपर्छ ।

निर्वाचनका बेला गरिएका वाचाहरु केवल भाषणका शब्द होइनन्, ती जनतासँग गरिएका सार्वजनिक प्रतिबद्धता हुन् । त्यसैले "एक घर, एक रोजगार" को नारालाई पनि भावनात्मक बहसको विषय मात्र होइन, कार्यान्वयनको अवस्थाका आधारमा मूल्याङ्कन गरिनुपर्छ । आखिर लोकतन्त्रमा जनताले सम्झन्छन्, प्रश्न गर्छन् र अन्ततः जवाफ पनि खोज्छन् ।

जनप्रतिनिधिको वास्तविक परीक्षा चुनाव जित्नुमा होइन, चुनावअघि गरेका वाचाहरु पूरा गर्नुमा हुन्छ । बारा क्षेत्र नं. ३ का सांसदका लागि पनि अहिले यही परीक्षा सुरू भएको छ । जनताको चासो एउटै छ–वाचा कति पूरा भयो, र बाँकी पूरा गर्न के योजना छ? समयले यसको उत्तर दिनेछ ।

# निजामती सेवाको मनोबल



ज्ञानेन्द्र घले

सरकारलाई राजनीतिक रूपमा तटस्थ निजामती सेवा चाहिन्छ ।

नेपालमा हालैको राजनीतिक परिवर्तनपछि बनेको वर्तमान सरकारले सुधारमुखी एजेन्डाका रूपमा स्वच्छ शासन, बलियो राज्य संयन्त्र, प्रभावकारी सेवा प्रवाह र सार्वजनिक जवाफदेहिताका विषयलाई अघि सारेको छ । जेन–जी आन्दोलनबाट उठेको शून्य भ्रष्टाचारको आकांक्षासँग पनि यो प्रत्यक्ष रूपमा जोडिएको छ । तर सुधारको सफलता घोषणामा होइन, सरकारले आफ्ना निर्णय कसरी कार्यान्वयन गर्छ र त्यसलाई अघि बढाउने निजामती जनशक्तिको क्षमता, मनोबल र प्रतिबद्धता कति बलियो छ भन्नेमा निर्भर हुन्छ । कुनै पनि सुधार कागजबाट व्यवहारमा जान उत्प्रेरित, सक्षम र आत्मविश्वासी निजामती सेवा चाहिन्छ ।

सुधारले कर्मचारीलाई कति हेरेको छ ? : सरकारले १०० बुँदे सुशासन एजेन्डा, १८ बुँदे राष्ट्रिय प्रतिबद्धताको मस्यौदा र आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रममार्फत व्यापक सुधारको संकेत दिएको छ । तर यी सुधार लागू गर्ने निजामती कर्मचारीहरू आफैं कति समर्थित छन् भन्ने प्रश्न अझै पर्याप्त रूपमा अगाडि आएको छैन । यो सुविधा वा विशेषाधिकारको मागमात्र होइन; सेवा प्रवाह र कार्यान्वयन क्षमतासँग जोडिएको मूल प्रश्न हो । बढ्दो खर्च, कठिन पोस्टिङ, राजनीतिक सरुवा, कमजोर मनोबल र सीमित वृत्ति विकासलाई बेवास्ता गरेर कर्मचारीबाट उच्च प्रदर्शन र इमानदारीको अपेक्षा गर्नु व्यावहारिक हुँदैन ।

कर्मचारीले बोकिरहेको अदृश्य बोझ : कर्मचारी जहाँ खटिए पनि बसोबास, जीवनयापन र पारिवारिक जिम्मेवारी ठूलो चुनौती हुन सक्छ । नुम्बेओजस्ता बाह्य सूचकांकमा काठमाडौं तुलनात्मक रूपमा सस्तो देखिन सक्छ, तर स्थानीय आयसँग तुलना गर्दा किफायती आवास र दैनिक खर्च ठूलो दबाब बनेको छ । समस्या खर्चको स्तरमात्र होइन, तलब र जीवनयापन लागतबीचको असन्तुलन हो । राजधानीबाहिर खटिँदा परिवारको शिक्षा, स्वास्थ्य र हेरचाहको खर्च सहरमै धान्नुपर्ने हुन सक्छ; सहरमा खटिँदा परिवार गाउँ वा गृह जिल्लामै रहन सक्छ । यस्तो दोहोरो बोझले मनोबल र पारिवारिक स्थिरतामा असर पार्छ । सुधार दस्तावेजहरूले अनुगमन, कार्यसम्पादन, डिजिटल शासन, अनुशासन र दक्षतामा जोड दिएका छन् ।

यी सबै आवश्यक छन् । तर सुधारले यो पनि सोध्नुपर्छ: बढ्दो खर्च र कठिन पोस्टिङबीच इमानदार कर्मचारीलाई के कुराले सेवामा टिकाइराख्छ ? कठिन पोस्टिङको असर आर्थिक बोझमा मात्र सीमित हुँदैन; यो परिवार, शिक्षा, स्वास्थ्य, आवागमन, सञ्चार र कर्मचारीको सम्मान तथा मर्यादासँग पनि प्रत्यक्ष रूपमा जोडिन्छ ।

सरकारलाई अनुशासित, नैतिक र प्रभावकारी निजामती सेवा चाहिन्छ । शून्य भ्रष्टाचारको लक्ष्य पनि नैतिक, तटस्थ र सक्षम राज्य संयन्त्रबिना सम्भव हुँदैन । त्यसैले सुधार कर्मचारीमाथि नियन्त्रण बढाउने अभ्यासमात्र होइन, राज्य संयन्त्रलाई सक्षम, निष्पक्ष र नागरिकमुखी बनाउने प्रक्रिया पनि हुनुपर्छ ।

मनोबल पनि राज्य क्षमताको हिस्सा हो : मानव उत्प्रेरणासम्बन्धी स्थापित सिद्धान्तहरूले संकेत गर्छन् कि असुरक्षा, अन्याय, असन्तुष्टि र सम्मान तथा मर्यादाको कमीले कामको गुणस्तर कमजोर बनाउँछ । अनुशासनले व्यवहार नियन्त्रण गर्न सक्छ, तर प्रतिबद्धता सिर्जना गर्न सक्दैन । त्यसैले कर्मचारीको मनोबल भावनात्मक विषयमात्र होइन, राज्यको कार्यान्वयन क्षमताकै हिस्सा हो ।

सुधारका जोखिम संकेत : यदि इमानदार कर्मचारीहरू आर्थिक रूपमा दबाबमा, राजनीतिक रूपमा असुरक्षित र संस्थागत रूपमा असमर्थित महसुस गर्छन् भने सुधारले आफ्नै कार्यान्वयन शक्ति कमजोर बनाउँछ । कठिन पोस्टिङ दण्डजस्तो लाग्यो, कार्यसम्पादन मूल्यांकन निष्पक्ष भएन, वा कर्मचारीले आफ्नो कार्यस्थल अधिकार, सम्मान र मर्यादा कमजोर भएको अनुभूति गरे भने कागजमा अनुपालन देखिए पनि वास्तविक काम गर्ने ऊर्जा पैदा हुँदैन ।

सरकारलाई अनुशासित, नैतिक र प्रभावकारी निजामती सेवा चाहिन्छ । शून्य भ्रष्टाचारको लक्ष्य पनि नैतिक, तटस्थ र सक्षम राज्य संयन्त्रबिना सम्भव हुँदैन । त्यसैले सुधार कर्मचारीमाथि नियन्त्रण बढाउने अभ्यासमात्र होइन, राज्य संयन्त्रलाई सक्षम, निष्पक्ष र नागरिकमुखी बनाउने प्रक्रिया पनि हुनुपर्छ ।

तटस्थता चाहिन्छ, आवाज पनि चाहिन्छ : यसैले कर्मचारीको आवाज, प्रतिनिधित्व र राजनीतिक तटस्थताको प्रश्न सुधार बहसको संवेदनशील तर अनिवार्य हिस्सा बन्न पुग्छ । कर्मचारीको आवाज पनि सुधारको महत्वपूर्ण हिस्सा हो । आफूलाई नसुनिएको, कानुनी रूपमा जोखिममा पारिएको वा राजनीतिक निशाना बनाइएको महसुस गर्ने निजामती सेवाले सुधारलाई आत्मविश्वासका साथ अघि बढाउन सक्दैन ।

तर कर्मचारीको आवाज भन्नाले दलगत परिचालन होइन; पेसागत, कानुनी, मर्यादित र तटस्थ प्रतिनिधित्व हो । निजामती कर्मचारी ट्रेड युनियन खारेज वा विघटन गर्ने सरकारी कदम रोक्ने सर्वोच्च अदालतको अन्तरिम आदेशले पनि यही संकेत गर्छ । तर कर्मचारी संगठनहरू पनि दलगत स्वार्थभन्दा कर्मचारी कल्याण, पेसागत मर्यादा र सेवा सुधारमा केन्द्रित हुनुपर्छ । ब्युरोक्रेसीलाई दलगत प्रभावबाट मुक्त गर्नु आवश्यक छ, तर कानुनी रूपमा कमजोर बाटोले प्रतिरोध, मुद्दा मामिला र ढिलाइ बढाउन सक्छ ।

मुख्य प्रश्न हो: दलगत कब्जा कसरी रोक्ने, तर कर्मचारीको आवाज, गुनासो प्रणाली, कार्यस्थल अधिकार र मर्यादा कसरी जोगाउने ? अन्तर्राष्ट्रिय श्रम मापदण्डको दृष्टिले पनि चुनौती कर्मचारीको आवाज निषेध गर्ने होइन, त्यसलाई दलगत प्रभावबाट मुक्त, कानुनी र मर्यादित बनाउने हो । सरकारलाई राजनीतिक रूपमा तटस्थ निजामती सेवा चाहिन्छ, आवाजविहीन निजामती सेवा होइन ।

मुख्य चुनौती कार्यान्वयन क्षमता हो: ट्रेड युनियनभन्दा पनि गहिरो समस्या कार्यान्वयन क्षमतामा छ । अग्रपंक्तिका कार्यालयहरूसँग पर्याप्त जनशक्ति, उपकरण, प्रणाली, तालिम र प्रोत्साहन छ कि छैन भन्ने मुख्य प्रश्न हो । कर्मचारी प्रशिक्षित र समर्थित नभए डिजिटल शासन पनि असफल हुन सक्छ । कठिन पोस्टिङका लागि केवल आदेश होइन, प्रोत्साहन र सहयोग चाहिन्छ । सुधारले कर्मचारीलाई केवल अवरोधका रूपमा हेर्‍यो भने त्यो सफल हुँदैन । तर कर्मचारी संगठनहरू दलका विस्तारका रूपमा चलिरहे भने पनि सुधार सफल हुँदैन । समाधान सन्तुलित हुनुपर्छ: कर्मचारीको आवाज जोगाउने, तर ब्युरोक्रेसीभित्र पेशागत अनुशासन र तटस्थता पुनर्स्थापित गर्ने । सरकार र कर्मचारी दुवैको साझा प्रतिबद्धता नै समाधानको आधार हो । सरकारले कर्मचारीलाई सुधारको साझेदारका रूपमा समर्थन गर्नुपर्छ । कर्मचारीले पनि राजनीतिक तटस्थता, सेवा अनुशासन, नागरिकमैत्री व्यवहार, समयमै सेवा प्रवाह र कार्यसम्पादन जवाफदेहिता स्वीकार गर्नुपर्छ । नागरिकका लागि सुधारको अर्थ कर्मचारीको सुविधा होइन; समयमै काम हुने, घूसरहित प्रक्रिया र सरकारी काउन्टरमा सम्मानजनक व्यवहार पाउने व्यवस्था हो । अधिकार र कर्तव्य, सुरक्षा र अनुशासन, आवाज र तटस्थता सन्तुलनमा राखेमात्र सुधार कागजबाट नागरिकको जीवनमा पुग्छ । अब के गर्नुपर्छ ? :

यसका लागि सरकारले कर्मचारी व्यवस्थापनलाई छुट्टै प्रशासनिक विषय होइन, सुधार कार्यान्वयनको मुख्य पूर्वसर्तका रूपमा लिनुपर्छ । यसलाई सुधार एजेन्डाको केन्द्रीय भाग बनाउँदै तीनवटा सुधार अघि बढाउनुपर्छ ।

पहिलो, सरकारले जीवनयापन खर्चलाई ध्यानमा राखेर क्रमिक तलब तथा सुविधा सुधारको ढाँचा बनाउनुपर्छ । यसमा तलब सर्वेक्षण, मुद्रास्फीति विश्लेषण, पारदर्शी समायोजन प्रणाली र कठिन पोस्टिङका लागि लक्षित समर्थन समावेश हुनुपर्छ । यसको अर्थ धान्न नसकिने तलब वाचा होइन; वित्तीय क्षमता, राजस्व अवस्था, खर्च प्राथमिकता र दक्षता सुधारसँग जोडिएको चरणबद्ध प्याकेज हो ।

दोस्रो, सरुवा र वृत्ति विकास प्रणाली पारदर्शी, पूर्वानुमेय र परिवारमैत्री हुनुपर्छ । कठिन क्षेत्रमा काम गर्ने कर्मचारीका लागि भत्तामात्र होइन, आवास, यातायात, स्वास्थ्य सेवा, सञ्चार सुविधा, छोराछोरीको शिक्षा सहयोग र छिटो वृत्ति प्रगतिको व्यवस्था पनि आवश्यक छ ।

तेस्रो, निजामती सेवामा कर्मचारी प्रतिनिधित्वको कानुनी, मर्यादित र राजनीतिक रूपमा तटस्थ ढाँचा बनाउनुपर्छ । यसले कर्मचारीको कल्याण, गुनासो र अधिकारका विषयलाई सम्बोधन गर्नुपर्छ, तर दलगत परिचालनलाई सीमित गर्नुपर्छ । जवाफदेहितासँगै निष्पक्षता पनि आवश्यक छ । यथार्थपरक कार्यस्थिति, मर्यादा र विश्वसनीय वृत्ति विकास दिन सके कर्मचारीहरू कडा मूल्यांकन र उच्च अपेक्षा स्वीकार गर्न बढी तयार हुन्छन् । शून्य भ्रष्टाचारको लक्ष्य पनि डर वा दण्डबाट मात्र होइन, निष्पक्ष प्रणाली, पारदर्शी निर्णय र इमानदार सेवाको संरक्षणबाट टिकाउ हुन्छ ।

निष्कर्ष: मनोबल कमजोर भए सुधार रोकिन्छ : सुधारको असली परीक्षा घोषणा होइन, कार्यान्वयन हो । आर्थिक रूपमा थिचिएको, राजनीतिक रूपमा असुरक्षित र पारिवारिक रूपमा दबाबमा परेको कर्मचारीले आदेशका भरमा रूपान्तरण दिन सक्दैन । सुधारको मेसिन चलाउने मानवीय इन्जिन कमजोर भयो भने सुधार आफैं रोकिन्छ ।

कठोर सत्य यही हो: निजामती कर्मचारीको उत्प्रेरणा, मर्यादा र सुरक्षालाई बेवास्ता गर्ने सुधार एजेन्डा आफैं अधुरो हुन्छ ।

नागरिकले सुधारलाई नीतिका कागजमा होइन, वडा कार्यालय, अस्पताल, विद्यालय, जिल्ला प्रशासन र सरकारी काउन्टरमा भेट्छन् । त्यसैले सरकार सुधारलाई नागरिकसम्म पुर्‍याउन चाहन्छ भने पहिले त्यो सुधार बोक्न सक्ने निजामती सेवा निर्माण गर्नुपर्छ । नत्र एजेन्डा सिंहदरबारमा साहसी देखिए पनि नागरिकको जीवन छुने ठाउँमै कमजोर पर्छ ।

-घले, विश्व स्वास्थ्य संगठनको सुशासन विभागका पूर्वकर्मचारी हुन् ।


गौर प्राथमिक कान उपचार केन्द्र

गौर - १, रौतहट

यहाँ कान सम्बन्धी विभिन्न रोगको अनुभवी डाक्टर तथा आधुनिक मेशिन द्वारा उपचार गरिन्छ



सम्पर्क नं - + ९७७ ९८५११९१०५०,९८४४४४४३४७

इंडियन नं :- +91 8935959150

सम्पर्क स्थान :- जिल्ला प्रशासन कार्यालय गौर दक्षिण तर्फ , शिवालय मंदिर से उत्तर


समाजिक सञ्जालको दुरूपयोग नगरौं ।

समृद्ध नेपाल, सुखी नेपाली' दीर्घकालीन राष्ट्रिय आकांक्षा हो । राष्ट्रिय आकांक्षा पूरा गर्न हामी पनि योगदान गरौं । - सिम्रौनगढ नगरपालिका

## अन्तराष्ट्रिय समाचार

# इजरायलद्वारा लेबनानमा नयाँ निकासी आदेश जारी



***एजेन्सी-*** इजरायली सेनाले शनिबार दक्षिणी लेबनानका सात वटा गाउँका बासिन्दाहरूको लागि नयाँ निकासी आदेश जारी गरेको प्रधानमन्त्री बेन्जामिन नेतान्याहूले बताएका छन्। पछिल्लो चेतावनी दुई देशका सैन्य प्रतिनिधिमण्डलहरूले वासिङ्टनमा ऐतिहासिक सुरक्षा वार्ता गरेको एक दिन पछि आएको हो । इजरायलले दक्षिण लेबनानमा निरन्तर आक्रमण जारी राखेको छ भने राष्ट्रपति जोसेफ आउनले अमेरिकी विदेश मन्त्री मार्को रुबियोसँगको फोनवार्तमा युद्धविरामका लागि सबै प्रयासहरू गर्न आवश्यक रहेको कुरामा जोड दिए।
इजरायल र तेहरान समर्थित हेजबुल्लाह बीचको लडाइँ रोक्नको लागि आधिकारिक रूपमा अप्रिल -१७ देखि लागू भएको युद्धविरामको बावजुत आक्रमण जारी रहेको छ। इजरायल र हेजबुल्लाह दुवैले एक अर्कालाई युद्धविराम उल्लङ्घन गरेको आरोप लगाउदै आएका छन्।
शनिबारका लागि जारी गरिएको इजरायली सेनाको निकासी आदेशमा नबातीह नजिकैका केही गाउँहरू समावेश रहेको जनाइएको छ भने, हेजबुल्लाहले उत्तरी इजरायली सहर किर्यात शमोनामा रकेट प्रहार गरेको बताएको छ।
हेजबुल्लाहले दक्षिणी लेबनानको घन्डोरीयेह नजिकैका इजरायली सैनिकहरू माथि आक्रमण गरी उनीहरूलाई पछि हट्न बाध्य पारेको र उत्तरी इजरायलको सैन्य आधारमा रकेट प्रहार गरेको बताएको छ।
शुक्रबार, हेजबुल्लाहले उत्तरी इजरायलमा आक्रमण गरेको बताएको थियो भने इजरायली सेनाले लेबनानबाट आएका धेरै प्रोजेक्टाइलहरू रोकेको पुष्टि गरेको थियो। जसमध्ये एउटा किर्यात समोना नजिकै प्रहार भएको थियो।
हेजबुल्लाहले मध्ययुगीन ब्युफोर्ट किल्ला नजिकै अगाडि बढ्न खोज्ने इजरायली सेना माथि आक्रमण गरेको पनि बताएको छ। इजरायली सेना लेबनान-इजरायल सीमाबाट करिब ३० किलोमिटर उत्तरबाट अगाडि बढेको बताइएको छ।
इजरायल र लेबनानले अप्रिलमा प्रत्यक्ष वार्ता सुरु गरेका थिए भने पेन्टागनमा शुक्रबारको बैठक पछि वाशिङ्टनमा अर्को हप्ता चौथो चरणको वार्ता हुने अपेक्षा गरिएको छ। लेबनानको स्वास्थ्य मन्त्रालयका अनुसार दक्षिणी सहर टायरमा शुक्रबार भएको इजरायली आक्रमणमा ११ जनाको मृत्यु भएको छ।
मार्चको सुरुमा अमेरिका-इजरायली आक्रमणमा इरानका सर्वोच्च नेताको मृत्युको बदलामा इजरायलमा रकेट प्रहार गरे पछि लेबनान क्षेत्रीय युद्धमा तानिएको थियो।
हेजबुल्लाहले अमेरिकी प्रतिनिधिहरूसँग वार्ताको कडा विरोध गर्दै निशस्त्रीकरण गर्न अस्वीकार गरेको छ। शुक्रबार लेबनानको राष्ट्रिय समाचार एजेन्सी (एनएनए) ले दक्षिणमा २० वटा भन्दा बढी स्थानमा इजरायली हवाई आक्रमण भएको रिपोर्ट गरेको छ।
सयौं मानिसहरू तथा पर्यटकहरू पुरानो सहर टायरमा भागेका छन्, जुन हालैको इजरायली सेनाको निकासी आदेशमा समावेश गरिएको छैन। आश्रयहरू भरिएका कारण विस्थापित बासिन्दाहरू कार वा शिविरमा सुतिरहेको एएफपीले जनाएको छ। लेबनानको स्वास्थ्य मन्त्रालयले इजरायली आक्रमणले मार्च -२ देखि कम्तिमा तीन हजार ३५५ जना व्यक्तिको ज्यान लिएको छ।


## रौटहट मेडिसिन
प्रदेशिक अस्पताल, गौर के सामने
9855021172/9816826057

प्रदेश नं.-२ मा सफल मुटु को जाली द्वारा अप्रेशन संचालन गर्ने ईन्टरभेन्सन मुटुको डाक्टर



NMC NO. 6369

**डा. जितेन्द्र कुमार मिश्रा**
सह-प्राध्यापक ( Associate Professor )
हेड-मुटु रोग विभाग
नेशनल मेडिकल कालेज, वीरगंज
एम. बि. बि. एस., एम. डी.
Cardiology-Pakistan
बरिष्ठ मुटुरोग विशेषज्ञ

(१) मुटु सम्बन्धि सुविधाहरू:
- ECG - इ. सी. जी.
- ECHO - ईको ( मुटुको भिडियो एक्स-रे )
- TMT - ( दौडाएर मुटुको चाल हेर्ने )
- एन्जियोग्राफी ( मुटुको बन्द रक्त संचार जाँच गर्ने )
- एन्जियोपलाष्टि ( जाली द्वारा मुटुको बन्द रक्त संचार खोल्ने )
- पेस मेकर ( मुटुको चालमा गडबडी भएमा बैट्री हालेर ठिक गर्ने )

(२) मुटु सम्बन्धि जाँच गराउनु पर्ने अवस्थाहरू
(क) ब्लड प्रेसर भएमा ( HTN )
(ख) सुगर भएमा ( DM )
(ग) हिड्ने बेलामा छातीमा दुख्ने अथवा भएमा
(घ) हिडने बेलामा डम फल्ने अथवा स्याँ - स्याँ भएमा
(ङ) मुटु ढुक - ढुक भएमा


## जनहितमा जारी सन्देश

- सडकको छेउ किनारामा निर्माण सामाग्रीहरु नराखौ ।
- घर निर्माण नदी घर नक्सा पास गरेर मात्र निर्माण कार्य शुरू गरौ ।
- सार्वजनिक स्थलमा छाडा चौपाय नछाडौ ।
- बालश्रमको प्रयोग नगरौ नगराऔ ।
- जेष्ठ नागरिकको सम्मान गरौ ।
- अफ्नो घर परिसरमा कम्तीमा १ वटा बहु वार्षीय रुख बिरूवा रोपौ ।
- महिला हिंसा अन्त्यका लागि आफ्नो ठाउँबाट काम गरौ ।
- फोहोर बोक्ने सवारी साधान आएको बखत मात्र फोहोर बाहिर निकालौ ।
- जथाभावी फोहोर नगरौ ।
- भुकम्प प्रतिरोधि घर निर्माण गरौ ।

**बारागढी गाउँपालिका, खोपवा, बारा**

## माईग्रेसन हराएको सुचना

जिल्ला पर्सा, वीरगन्ज महानगरपालिका वडा नं. १०, रानीघाट टोलमा डेरा गरी बस्ने म सुनिल कुमार यादवको मिति २०८१/०२/२० गते मैले **NATIONAL INSTITUTE OF SCIENCE SECONDARY SCHOOL**, पाटन ललितपुरबाट कक्षा १२ उत्तीर्ण गरेको रसिद नं. ८०८०६ रोल नं. २५०२/०८२ भएको माइग्रेसन प्रमाणपत्र हराएकोले म स्वयं खोजतलास गर्दा फेला नपरेकोले फेला परे नजिकको प्रहरी कार्यालय वा मेरो सम्पर्क नं. ९७४४६०५४२० सम्पर्क गरिदिनु हुन अनुरोध गर्दछु।


## जनहितमा जारी सन्देश

- सडकको छेउ किनारामा निर्माण सामाग्रीहरु नराखौ ।
- घर निर्माण नदी घर नक्सा पास गरेर मात्र निर्माण कार्य शुरू गरौ ।
- सार्वजनिक स्थलमा छाडा चौपाय नछाडौ ।
- बालश्रमको प्रयोग नगरौ नगराऔ ।
- जेष्ठ नागरिकको सम्मान गरौ ।
- अफ्नो घर परिसरमा कम्तीमा १ वटा बहु वार्षीय रुख बिरूवा रोपौ ।
- महिला हिंसा अन्त्यका लागि आफ्नो ठाउँबाट काम गरौ ।
- फोहोर बोक्ने सवारी साधान आएको बखत मात्र फोहोर बाहिर निकालौ ।
- जथाभावी फोहोर नगरौ ।
- भुकम्प प्रतिरोधि घर निर्माण गरौ ।


**विश्रामपुर गाउँपालिका, विश्रामपुर, बारा**

## जनहितमा जारी सन्देश

महिलामाथि हुने शारीरिक, मानसिक, यौनिक र मनोवैज्ञानिक हिंसानै महिला हिंसा हो। त्यस्ता हिंसा सामाजिक तथा कानूनी रुपमा अपराध हुन् । कोही कसैबाट त्यस्ता कार्य भए तत्काल स्थानीय जनप्रतिनिधि, न्यायिक समिति तथा प्रहरीमा खबर गरौं ।

**सुवर्ण गाउँपालिका**
कवहीगोठ, बारा

## सशस्त्र प्रहरी बल, नेपालद्वारा ठूलो परिमाणमा प्रतिबन्धित ब्रोइलर कुखुराका चल्ला नियन्त्रण तथा नष्ट

*हरिकिशोर शर्मा*
*पर्सा, १६ जेठ*



जिल्ला पर्साको विन्दवासिनी गाउँपालिका-४, अमरपट्टी स्थित सीमा क्षेत्रमा बिओपी अमरपट्टीबाट खटिएको पैदल गस्ती टोलीलाई देख्नासाथ भारतबाट अवैध रूपमा नेपालतर्फ ल्याइँदै गरिएका ८० कार्टुनमा प्याक गरिएका ८,००० गोटा प्रतिबन्धित ब्रोइलर कुखुराका चल्ला छाडेर संलग्न व्यक्तिहरू फरार भएका थिए।

बरामद गरिएका चल्लाको अनुमानित मूल्य रु. ८ लाख रहेको छ। नियन्त्रणमा लिइएका चल्लाहरूलाई प्रचलित कानुन तथा पशु स्वास्थ्य सुरक्षासम्बन्धी मापदण्डअनुसार मिति २०८३ साल जेठ १६ गते बिहान ११:१५ बजे पशु क्वारेन्टाइन कार्यालयका प्रतिनिधि, सम्बन्धित ह्याचरीका प्रतिनिधि, नेपाल प्रहरी, स्थानीय भद्रभलाद्मी तथा सञ्चारकर्मीहरूको रोहवरमा नष्ट गरिएको छ।

सूचना अधिकारी सशस्त्र प्रहरी नायब उपरीक्षक मोहनराज निरौला बताएका छन्।

## सवारी चेकजाँचमा कडाइः ट्राफिक नियम उल्लंघन गर्ने दर्जनौं सवारी साधन कारबाहीमा

*शुभ आरम्भ संवाददाता*
*रौतहट, १६ जेठ*




रौतहटको सकदेवचोकस्थित अस्थायी ट्राफिक प्रहरी पोस्टले सवारी दुर्घटना न्यूनीकरण तथा सडक अनुशासन कायम गराउन आफ्नो सक्रियता बढाएको छ। शनिबार बिहान सकदेवचोकस्थित प्रहरी बिटगाडि गरिएको विशेष चेकिङका क्रममा ट्राफिक नियम उल्लंघन गर्ने विभिन्न सवारी साधनहरूलाई कारबाही गरिएको छ।

अस्थायी ट्राफिक पोस्ट सकदेवचोकका वरिष्ठ प्रहरी हवल्दार राम नाथ यादवको नेतृत्वमा खटिएको टोलीले सडकमा गुड्ने सानादेखि ठूला सवारी साधनहरूको सघन चेकजाँच गरेको थियो। विशेषगरी निर्माण सामग्री बोक्ने टिपरहरूले क्षमताभन्दा बढी भार (ओभरलोड) बोकेको, चालकसँग सवारी चालक अनुमतिपत्र (लाइसेन्स) नभएको र सवारीको नवीकरण (ब्लुबुक) फेल भएका सवारीहरूलाई प्राथमिकतामा राखी जाँच गरिएको थियो।

चेकजाँचका क्रममा आवश्यक कागजात नभएका र ट्राफिक नियम पालना नगर्ने टिपर, चारपाङ्ग्रे सवारी, अटो, ई-रिक्सा र मोटरसाइकलहरूलाई नियन्त्रणमा लिई नियमानुसार जरिवाना गरिएको वरिष्ठ प्रहरी हवल्दार यादवले जानकारी दिए।

टिपरहरूको ओभरलोड र चालकहरूको लापरवाहीले दुर्घटनाको जोखिम बढ्ने भएकाले हामीले चेकजाँचमा कडाइ गरेका हौं, यादवले भने।

ट्राफिक प्रहरीले जरिवाना मात्र नभई चालकहरूलाई सडक सुरक्षा र ट्राफिक नियमका बारेमा संक्षिप्त जानकारी समेत दिएर सचेत गराएको छ। पछिल्लो समय रौतहटका भित्री सडकहरूमा समेत सवारी चाप बढेसँगै ट्राफिक प्रहरीले नियमित र आकस्मिक दुवै किसिमका चेकजाँचलाई निरन्तरता दिँदै आएको छ।

## रौतहटका पत्रकार चन्दन कुमार महतो, पर्साका सदाब मलिकसहित तीन नेपाली पत्रकार भारतमा सम्मानित

*पर्सा, १६ जेठ*




सार्क जर्नलिस्ट फोरम इन्टरनेशनल भारत च्याप्टरद्वारा आयोजित "स्मरण उदन्त मार्तण्ड एवं सम्मान समारोह" कार्यक्रममा नेपालका तीन पत्रकार सम्मानित भएका छन्। सम्मानित हुनेमा रौतहट निवासी तथा सी. एच. खबरका सञ्चालक पत्रकार चन्दन कुमार महतो, सार्क जर्नलिस्ट फोरम नेपाल च्याप्टर मधेश प्रदेशका अध्यक्ष सदाब मलिक तथा पर्सा (वीरगञ्ज) का पत्रकार शैलेश गुप्ता रहेका छन्।

भारतको कोलकातास्थित गर्ल्स कलेजमा आयोजित अन्तर्राष्ट्रिय सम्मेलनका अवसरमा उनीहरूलाई सम्मान-पत्र तथा सम्मान चिह्न प्रदान गरी सम्मान गरिएको हो। कार्यक्रममा नेपालसहित सार्क क्षेत्रका विभिन्न मुलुकका पत्रकारहरूको उल्लेखनीय सहभागिता रहेको थियो। सम्मेलनमा नेपालका १३ जना पत्रकारसहित करिब एक सय पत्रकार सहभागी भएका थिए। पत्रकारिताको सुदृढीकरणलाई केन्द्रमा राखेर आयोजित उक्त सम्मेलनले नेपाल-भारतसहित विभिन्न देशबीच आपसी समझदारी, सहकार्य तथा पत्रकारिताको अन्तर्राष्ट्रिय सम्बन्धलाई अझ मजबुत बनाउने अपेक्षा गरिएको आयोजकले जनाएको छ।

कार्यक्रममा विदेशबाट करिब तीन दर्जन अन्तर्राष्ट्रिय अतिथिहरूको समेत सहभागिता रहेको थियो। सम्मानित पत्रकारहरूले प्राप्त सम्मानले पत्रकारिताप्रतिको जिम्मेवारी र उत्साह थप बढाएको बताएका छन्।

## किसानको पीडाप्रति कलैयाको छोरि हिरामती कुशवाहा द्वारा चिन्ता व्यक्त

*बारा, १६ जेठ*




देशभरिका नागरिकको भोक मेटाउने जिम्मेवारी बोकेको किसान आज पनि आर्थिक असुरक्षा, बजारको अन्याय र नीतिगत उपेक्षाको मारमा बाँच्न बाध्य रहेको भन्दै कलैयाकी किसानकी छोरी हिरामती कुशवाहाले किसानको अवस्थाप्रति गम्भीर चिन्ता व्यक्त गरेकी छिन्।

उनका अनुसार खेतमा दिनरात पसिना बगाएर अन्न उत्पादन गर्ने किसानले आफ्नै उत्पादनको मूल्य निर्धारण गर्न नसक्नु ठूलो विडम्बना हो। किसानले केवल अन्न मात्र नभई आफ्नो भविष्य र परिवारका सपना पनि खेतमै रोप्ने गरे पनि मौसमको अनिश्चितता, समयमा मल-बिउको अभाव, बजारको अस्थिरता तथा बिचौलियाको दबाबका कारण ती सपना बारम्बार अधुरा बन्ने गरेका छन्।

कुशवाहाले उत्पादन बढे पनि उचित मूल्य नपाउँदा किसानको मेहनतको सम्मान हुन नसकेको बताइन्।

"देशलाई खाद्य सुरक्षा दिने किसान स्वयं आफ्नो परिवारको भविष्य सुरक्षित गर्न संघर्षरत छन्," उनले भनिन्। ग्रामीण क्षेत्रमा धेरै किसान ऋण, लागत र उत्पादनबीच सन्तुलन मिलाउन नसक्दा निराश बन्दै गएको उनको भनाइ छ। नेपालको अर्थतन्त्रको मेरुदण्ड मानिने कृषि क्षेत्र व्यवहारमा भने अपेक्षित संरक्षण र सहयोगबाट वञ्चित रहेको उनले उल्लेख गरिन्। किसानको आवाज उठाउँदै उनले किसानलाई केवल सहानुभूति नभई उत्पादनको उचित मूल्य, सहज बजार पहुँच, कृषि बीमा, आधुनिक प्रविधि तथा राज्यबाट दीर्घकालीन सुरक्षा आवश्यक रहेको बताइन्। नीति निर्माण तहमा किसानको आवाजलाई प्राथमिकता दिनुपर्ने माग पनि बढ्दै गएको छ।

स्थानीय किसानहरूका अनुसार "हामी देशलाई खुवाउँछौं, तर आफ्नै घरको भान्सा कसरी चलाउने भन्ने चिन्ता सधैं रहन्छ।" मेहनतको सम्मान नहुँदा नयाँ पुस्ता कृषि पेशाबाट टाढिँदै गएको कुशवाहाले गुनासो गुनासो गरेका छिन्। यसैबीच किसानको खेतमा दिनरात खटिने कृषि तथा पशु प्राविधिकहरूको अवस्था पनि असुरक्षित रहेको बताइएका छिन। स्थायी नीति र दीर्घकालीन व्यवस्थापनको अभावले प्राविधिकहरू समेत मानसिक दबाबमा काम गर्न बाध्य भएको सरोकारवालाहरूको भनाइ छ।

हिरामती कुशवाहाका अनुसार किसानको अवस्था सुधार नगरी देशको समृद्धि सम्भव छैन।

"किसान बलियो भए मात्र कृषि प्रणाली मजबुत हुन्छ र राष्ट्र आत्मनिर्भर बन्न सक्छ," उनले भनिन्।

उनले अब किसानलाई दया होइन, सम्मान, सुरक्षित भविष्य र कृषि तथा पशु प्राविधिकहरूको दीर्घकालीन व्यवस्थापन सुनिश्चित गर्ने स्पष्ट नीति आवश्यक रहेकोमा जोड दिएकी छिन्।

**Draft of Gazette**

In,

The court of Sub Judge 2nd

Bagaha Distt west champaran

Title suit no. 342/2024

Chandan Keshari s.o Sheshnath Prasad Keshari resident of village Harinagar p.o – Ramnagar p.s – Ramnagar distt west champaran

----------------------- plaintiff

Vs

Vidhyawti Devi @ Vidya Devi W.O Jagarnath Prasad Keshari resident of village Gaur Bazar Rohathat Nepal p.o – Gaur p.s Gaur Distt Rohathat Nepal.

Present address – Ohmi Compound Ramnagar ward no. 06 p.o Ramnagar p.s Ramnagar distt west champaran ------------------- Defendant.

Through this gazette publication you are informed that Chandan Keshari has filed title suit no. 342 /2024 in my court and you are made defendant in the above named suit and after service of summon and registered summon you are not appearing before the court therefore through this publication you are informed that on the schedule date 01·06·26. at 10:30 AM you must appear before the court personally or through her advocate and submit your written statement other wise exparty proceeding will be initiated against you.

This publication will be treated as sufficient notice.

Issued through my seal and signature

Sub Judge 2nd

Bagaha west champaran

**व्यक्तिगत घटना जस्तै जन्मदर्ता, विवाहदर्ता, मृत्यु दर्ता तथा सम्बन्ध बिच्छेद समयमै सम्बन्धित कार्यालयमा गई दर्ता गराऔं ।**

**समाजिक सञ्जालको दुरूपयोग नगरौं ।**

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ । - बृन्दाबन नगरपालिका